संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उत्तर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▶▶ अंक ३७४५ साउन १८ सोमबार,२०७८, July–33 Monday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## मेयर करोडमा नगरप्रहरी रोडमा

❖ मुलुकी संवाद्दाता

*त्रियुगा, साउन १७*

त्रियुगा नगरपालिकाका उदयपुरका नगरप्रमुख मेयर बलदेब चौधरी ९१ लाखको हेक्सा गाडी चढ्छन्। मेयर एक जनाको लागि ९१






लाखको गाडीमा खर्च मात्र भएका छैन उनी नगरपालिकाको अन्य गाडी पनि परिवर्तन गरी गरी चढ्छन्। नगरपालिकाका सामान्य खरीदारले समेत चारपाङ्ग्रे गाडी चढेका छन्।

तर त्यहि त्रियुगा नगरपालिकाका १२ जना नगर प्रहरीलाई भने सडकपेटीमा राखिएको सामान उठाउने गाडी समेत छैन। अन्य नगरपालिकाका नगर प्रहरीहरुलाई ड्युटी समयमा गाडी - *बाँकी ३ पेजमा*

## बेल्टार बजार ताँतिदा गाईघाटलाई वास्ता नै छैन

❖ बुद्धि कुमार राई

*चौदण्डीगढी, साउन १७*

उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिकाले जिल्लाको सबै पालिकाहरुलाई बिकासको काममा पछि पारेको छ।

चौदण्डीगढी ७ बेल्टार बजारमा रहेको नगरपालिकाको सदरमुकाम अन्य ३ नगरपालिका र ४ गाउँपालिका भन्दा बढि बिकास भएको पाईएको छ। बजारको शान्तिसुरक्षा कायम गर्न प्रहरीलाई सहज बनाउने सिसि क्यामेरा अहिले बेल्टार बजारमा ११ ठाउँमा २४ सै घण्टा इलाका प्रहरी कार्यालय उदयपुरको निगरानीमा छ। बेल्टार बजारको बिपि




उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका- ७ बेल्टार बजारको चोकमा राखिएको उच्च क्षमताको सिसि क्यामेरा। तस्विर - बुद्धि कुमार राई

चोकमा रहेको सिसि क्यामेरा उच्च क्षमताको हो। यो सिसि क्यामेर। आबश्यक परेको खण्डमा इलाका प्रहरी कार्यालय बेल्टार को कार्यालयबाट नै ३६० रोटेट गरेर - *बाँकी ३ पेजमा*

## उदयपुरमा १७ हजार खोप आयो, सोमबारदेखि दिईने

❖ मुलुकी संवाद्दाता

*उदयपुर, साउन १७*

कोविडविरुद्धको जोन्सन एण्ड जोन्सन खोप उदयपुर आईपुगेको छ। साता दिनअघि आएको चाईनिज कम्पनीको भेरोसिल खोप हानिसकेको भोलिपल्टै १७ हजार डोज अमेरिकन कम्पनीको खोप आईतबार जिल्ला आईपुगेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ।

प्रदेश स्वास्थ्य मन्त्रालयमार्फत आएको खोप सोमबार बितरण गरेर मंगलबारदेखि लक्षित बर्गलाई लगाउन थाल्ने कार्यक्रम रहेको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले बताए। सोमबारदेखि नै लगाउने भनिए पनि खोप कार्ड सकिएका कारण नयाँ खोप ल्याउन समय लागेर एकदिन ढिला हुने भएको हो। सुबेदीका अनुसार यो खोप सरकारी निर्देशन अनुसार ५० देखि ५४ वर्ष उमेर समूहका व्यक्ति, वैदेशिक रोजगारीमा जान अध्यागमन अनुमतिपत्र (भिसा) प्राप्तहरु र अपांगता भएकालाई लक्षित गरी दिइने छ।

जोनसन एण्ड जोनसन खोप एक भायलमा ५ डोज हुने हुनाले १७ हजार डोज लगाउँदा १९ हजार लक्षित बर्ग लाभान्वित हुने सुबेदीले बताए। चाईनिज कम्पनीको भेरोसिल भने एक भाईलमा २ डोज खोप हुने गरेको छ। यो खोप उदयपुरमा ५० वर्षमाथिका व्यक्ति र अपांगता भएकाहरुलाई लक्षित गरेर दिइने स्वास्थ्यले जनाएको छ।

खोप सुपरभाईजर चिरञ्जिवी निरौलाले यो सँगै उदयपुरमा ६५ हजार हाराहारीलाई खोप पुग्ने बताए। यसअघि कोभिसिल र भेरोसिल खोप ४९ हजारले पाईसकेका छन् भने १२ हजार ५ सयले एकडोज हानेका छन्। भारतीय कम्पनीको कोभिसिल खोप हान्ने १२ हजार ५ सयले भने दोस्रो मात्राको खोप पाएका छैनन्।

सुरुमा लिनेहरुले पहिलो डोज मात्र पाएका छन् भने ३ साताभित्र दिनुपर्ने दोस्रो डोज भारतले खोप नपठाएका कारण हान्न नपाएको उनले बताए। नेपाल सरकारसँग अग्रिम पैसा लिए पनि समयमा खोप नपठाएर भारतले गम्भीर धोका दिँदा एकडोज मात्र खोप हान्ने ७० वर्ष माथिका बृद्धबृद्धाले दोस्रो डोज लगाउन नपाइएको निरौलालो बताएका छन्।

## नारायणी ग्याँस गाईघाट, डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण।

### सम्पादकीय

# नगर प्रहरीलाई गाडी देउ

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार । अझ यसमा त्रियुगा नगरपालिका भएकाले पनि यो बजारको सुन्दरता हरियाली बनाउन त्रियुगा नगरपालिकाको बढि नै भुमिका रहन्छ । त्रियुगा नगरपालिकामा जम्मा १२ जना नगर प्रहरी छन् । उनीहरुको काम भनेको बजार क्षेत्रमा सडकपेटीमा, सडकमा सामान राख्नेहरुको सामान जफत गर्ने, नगरपालिकालाई सामान बुझाउने र राजश्व बृद्धिमा सहयोग गर्ने, बजारलाई सफा र सुन्दर बनाउन सहयोग गर्ने हो ।

अन्य नगरपालिकाका नगर प्रहरी नगरपालिकाले दिएको गाडीमा आफै गाडी चलाएर ड्युटीमा जान्छन् बजारमा नगर प्रहरी भने पछि सबै सचेत हुन्छन् । नगर प्रहरी पनि काम गर्न जोशिला हुन्छन् । तर त्रियुगा नगरपालिकाका मेयर बलदेब चौधरी ९१ लाखको हेक्सा गाडी चढ्छन् तर उनका १२ जना नगर प्रहरीलाई भने बजार क्षेत्रमा सडकपेटीमा राखिएको सामान उठाउने ट्याक्टर, ट्रिफर समेत छैन । सडकपेटीमा राखिएको सामान उठाउन भनेर नगर प्रहरी घाम पानीको प्रवाहा नगरी पसिनै पसिना भएर फिल्डमा आउँछन तर गाडी नहुँदा के मा सामान उठाएर लानु त्यसपछि नगर प्रहरी सेलाउँछन् । अहिले बजार क्षेत्रको सडकपेटीको सामान राख्ने ब्यापारीहरुले नगर प्रहरीलाई नटेर्नुको मुख्य कारण भनेको नगर प्रहरी सँग गाडी नहुनु हो ।

त्रियुगा नगरपालिकाले नगर प्रहरीको लागि फिल्डमा बजार क्षेत्रमा तयारी अबस्थामा बजार घुम्ने गरेर एउटा टिफर नगर प्रहरीको लागि सामान उठाउनको लागि मात्र प्रदान गर्नुपर्यो । अनि मात्र सडकपेटी, सडक सफाई हुन्छ । नगरपालिकासँग नगर प्रहरीको लागि एउटा टिफर, ट्याक्टर नहुनु भनेको लाजको विषय हो । कुरी कुरी नगरपालिकाका जनप्रतिनिधि । आफु लाखौंको गाडीमा एसी लगाएर सवार हुँदा नगर प्रहरीको लागि एउटा गाडी, टिफर, ट्याक्टर दिन नसक्नु भनेको कायरा हो, निरिह बन्नु सरह हो । बजारमा खानेकुरा फलफुल, समेत नगर प्रहरीले उठाउने भएकाले फोहोर फाल्ने ट्याक्टर, टिफर होइन सफा गाडी टिफर नगर प्रहरीलाई तुरुन्त देउ ।

# कार्यालयको ढोका बनाउन नसक्ने वडाध्यक्ष र कार्यालय प्रमुख

❖ बुद्धि कुमार राई

*रौतामाई, साउन १७*



साउन १७ गते आईतबार दिउसो १२ बजेतिर मुर्कुची स्वास्थ्यचौकीका कार्यालय प्रमुख श्याम साहलाई सम्पर्क गर्दा उनी कार्यालयमा नरहेका जानाकारी गराए । उनी जिल्ला सदरमुकाम गाईघाटतिरनै रहेको जनाउ दिए ।

साउन ५ गते उनको कार्यालय छड्केमा जाँदा अस्तब्यस्त अबस्थामा रहेकाले उनलाई सो कार्यालयको अबस्था बारे जानाकारी लिदा सबै ठिकठाक रहेको र साउन ५ गतेको भन्दा धेरै परिवर्तन भएको जबाफ दिए । उनी कार्यालयको बारेमा त्यति जानाकार छैनन्। उनले जे भने त्यहि कुराको अबलोकन गर्न मुलुकीकर्मी उनको कार्यालय मुर्कुची स्वास्थ्य चौकी पुग्यो र चेक गर्दा ९ जना कर्मचारीमा ४ जना कर्मचारी मात्र कार्यालयमा भेटायो ।

कार्यालयको हाजिरी हेर्न माग्दा कार्यालयको कर्मचारीले हाजिरी खाता गाउँपालिका भुटारमा रहेको जानाकारी दिए । भुटारमा रहेको हाजिरी खातामा कसरी हाजिरी गरेर ति ९ जना स्वास्थ्यचौकीको कर्मचारीले जागिर खालान बडो अचम्म भयो । कार्यालय प्रमुख श्याम साह र सो स्वास्थ्यचौकी सञ्चालक समितिका अध्यक्ष तथा रौतामाई गाउँपालिका ७ मुर्कुचीका वडाध्यक्ष उत्तरकुमार मगर स्वास्थ्यचौकी प्रति जिम्मेवार नरहेको प्रष्ट सङ्केत देखायो । हजारौ लगानी लगाएर खरिद गरिएको कार्यालयको फलामको गेटमा झारले ढाकिएको अबस्थामा लडिरहेको थियो । स्वास्थ्यचौकीका कर्मचारी खानेपानीको लागि घरबाट बोटलमा पानी बोकेर लानुपर्ने अबस्थामा रहेको छ । कार्यालयमा कर्मचारी बजार गए जस्तो कपडा लगाएर हाजिरी गर्ने गरेका छन् । सरकारले कर्मचारी पोशाकको लागि भनेर छुट्याएको पैसाले किनेको पोशास कर्मचारीले नलगाएको पाईएको छ ।

९ जना रहेको कर्मचारी कार्यालय समयमा कार्यालयमा भेटिन्न क्वाटरमा सुतेको, कार्यालय समयमा उपरखुटी लगाएर मोबाईल चलाएको अबस्थामा भेटिएको छ । कार्यालय परिसरको सरसफाईको कुरा गर्ने हो भने स्वास्थ्यचौकी नभएर फोहोर चौकी जस्तो छ । स्वास्थ्य चौकीमा पानीको अभाव छ ।

पानी परेर छाना चुहिएर कार्यालयको कागजपत्र भिजेको, औषधी भिजेको छ भने कार्यालय परिसर सरसफाई कमी हुँदा दुर्गन्धित छ । कार्यालय परिसरमानै दुईवटा कुकुर राखेका छन् । लाग्छ यो स्वास्थ्यचौकी मनपरी तन्त्रमा चल्छ । कार्यालय परिसरको पर्खाल भत्किएको छ । कार्यालयको वरीपरी झार, जङ्गल छ भने कार्यालय सहयोगी खाली समयमा कार्यालय सरसफाई गर्नुको सटा उपरखुटी लगाएर मोबाइलमा गफिने गरेका छन् । कार्यालय प्रमुख श्याम साहको नेतृत्वमा स्वास्थ चौकी मुर्कुचीमा ९ जना कर्मचारी कार्यरत छन् । कार्यालय प्रमुख एनम सिएमए शाखा अधिकृत छैठो श्याम साह, सरोज राई, श्रेया राई, मञ्जु मगर, सुमित्रा विक, रोशण मगर, गोमा तामाङ, धनबहादुर खड्का कार्यरत छन् । स्वास्थ्य चौकीको ढोका ढलेको छ, ढोका नहुँदा गाई, भैंसी, बाख्राको चरिचरण भएको छ स्वास्थ्य चौकी ।



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ७० | *स्रोत: तरकारी बजार व्यवस्थापन समिति* | |




गाईघाट-कदमाहा (८७र४९
गाईघाट(लहान( १००।९५
गाईघाट(रुपनी(१५९।८६
गाईघाट(राजबबीराज(१८५।०९
गाईघाट(ईटहरी(३३७९२
गाईघाट(धरान(३७१।२०
गाईघाट(बीराटनगर(३८२।७२
गाईघाट(बीर्तामोड(५३८।४८
गाईघाट(काकडभीठा(५५६।८०
गाईघाट(मींचैया(१६८।२७
गाईघाट(कटारी(२५२।४०
गाईघाट(ढल्केवर(२६०।८३
गाईघाट(जनकपुर(३०१।३१
गाईघाट(चन्द्रनीगाहपुर(३९५।४४
गाईघाट(पथलैया(५०४।८२
गाईघाट(बीरगन्ज(५८०।१०



गाईघाट(हेटौडा(५९६।९९
गाईघाट(नारायणघाट(७४०।४२
गाईघाट( काठमाण्डौं (११०३९।०७
गाईघाट ( पोखरा (१०९०।२१
गाईघाट ( जलजले चुहाडे ( ४४।८०
गाईघाट ( कालीखोला (६४।००
गाईघाट (होक्से (७६।८०
गाईघाट(नाम्चे(८९।६०
गाईघाट(कौवाई(११५।२०
गाईघाट(मुर्कुची(१२८।००
गाईघाट(अधेरी(१५३।६०
गाईघाट(फर्से(१६६।४०
गाईघाट(देउराली(१७९।२०
गाईघाट(नेपालटार(१९२।००
गाईघाट(रामपुर(३२१।२८
गाईघाट(जाँते(७६८।००

# मेयरले बेवास्ता गर्दा
# बेल्टारभन्दा पनि गाईघाट पछि पर्यो

बजारलाई निगरानी गर्न सकिने इलाका प्रहरी कार्यालय बेल्टारका कार्यालय प्रमुख प्रहरी निरिक्षक छे फिन्जो भोटेले जानाकारी दिए । प्रहरी निरिक्षक भोटेका अनुसार अहिले चौदण्डीगढी नगरपालिका ७ बेल्टार बजारको बिपि चोक, कल्याणचोक, बेल्टार सिटिहल, रोशन फोटो स्टुडियो, पुष्पलाल चोक, बसपार्क, राटमाटे डाँडा, इलाका प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालयको हिरासत गरी ११ वटा सिसि क्यामेराले २४ सै घण्टा काम गरिरहेको छ । बजारमा सिसि क्यामेरा जडान भने नगरपालिकाको लगानीमा जडान गरिएको हो । सिसि क्यामेरामा केही समस्या आउनुबितिकै नगरपालिकालाई सुचना दिनुबितिकै मर्मत सम्भार गरिदिने गरेको प्रहरी निरिक्षक भोटेले बताए । उनी भन्छन् चौदण्डीगढी नगरपालिका बेल्टारका नगर प्रमुख मेयर खगेन्द्र राई नगरप्रति अत्ति नै चासो राख्नुहुन्छ केही समस्या आउनुबितिकै बनाईदिईहाल्नु हुन्छ । सिसि क्यामेराले आफूहरुलाई काम गर्न धेरै सहज भएको, बजारमा शान्ति सुरक्षा कायम गर्न, चोरी रोकथाम गर्न सहज भएको इलाका प्रहरी कार्यालय बेल्टारले जनाएको छ। यता उदयपुर जिल्ला सदरमुकाम गाईघाट रहेको त्रियुगा नगरपालिकाका मेयर, उपमेयर, वडाध्यक्ष, त्रियुगा उद्योग बाणिज्य संघ भने बजारको सिसि क्यामेरा बनाउन वास्ता नै गदैनन्। लामो समय भयो बजारको सिसि क्यामेरा बिग्रेको अहिलेसम्म नगरपालिका सिसि क्यामेरा बनाउन कुनै चासो नदिदाँ बजारबासी र प्रहरी हैरान भएका छन् ।

उदयपुर जिल्लाको सदरमुकाम रहेको गाइघाट बजार



उदयपुर जिल्लाको पुर्वी बेलका नगरपालिका रामपुर बजारको बेलका नगरपालिकाको कार्यालय परीसर मा रहेको सिसी क्यामरा । तस्बिर - बुद्धि कुमार राई

को अधिकाङस सिसि क्यामेरा (क्लोज सर्किट) ले काम गर्दैनन्। १६ वटा वडा रहेको त्रियुगा नगरपालिकाभरी जम्मा ३८ वटा सिसि क्यामेराहरु छन ।

नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारमा १६ वटा, वडानम्बर१० बोक्सेमा १६ वटा, वडा नम्बर ६ जलजले लालपत्ता छेत्रमा ४ वटा, वडा नम्बर१२ पुरानो गाईघाट पुलचोक मा १ वटा, वडा नम्बर ३ डियमगेट मोतिगडामा २वटा र वडा नम्बर १३ पुरानो गाईघाट असारीमा दुई वटा सिसि क्यामेराहरु छन ।

यी मध्ये १६ वटा सिसि क्यामेराहरुले मात्र काम गरिरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरको तथ्याङकले जनाएको छ । नगरपालिका भित्रका २२ वटा सिसि क्यामेराहरुले काम गर्दैन। २ बर्ष अघिदेखि जडान गरिएको सिसि क्यामेराहरु अहिले अधिकाङ्श बिग्रेको कारण बजारको निगरानीमा समस्या आइरहेको छ ।

अहिले गाईघाटको मुख्य चोकको ३ वटा, गाईघाट लोकतान्त्रिक पिपपचोक, आँखा अस्पताल बोक्से, बैङक लाइन गाईघाट, टेम्पु चोक गाईघाट, अस्पताल चोक, जिल्ला प्रशासन कार्यालय उदयपुरको ४ वटा, अस्पताल चोक बोक्से, क्बडहल बोक्से, जिल्ला प्रहरी कार्यालय उदयपुर परिसर दुई वटा, जलजले चोक दुई वटा क्यामेराहरुले मात्र काम गरिरहेको छ ।

काम नगर्ने सिसि क्यामेराहरुमा झमेली चोक गाईघाट, त्रियुगा बसपार्क, एसके पेट्रोल पम्प, पिजि चोक, डियमगेट, बोक्से चोक, मालपोत कार्यालय बोक्से जाने चोक, जिल्ला कारागार जाने चोक, जिल्ला प्रशासन कार्यालय जाने चोक, गाईघाट मुख्य चोक, पुरानो गाईघाट चोक, बरुवा खोला असारी पुल, तरकारी बजार जाने बाटो, गाईघाट पिपल चोक, करमगाछी चोक, ढिम्की मन्दिर, साउने जाने बरुवा खोलाको पुल, बाबरी जाने बाटोको पुल, सिमलटार जाने बाटो, जलजले ढाट, लालपत्ता प्रहरी चौकीको ढाटको सिसि क्यामेराहरु चल्दैनन् ।

# नगरप्रहरी कठोर बन्दै

❖ मुलुकी संवाददाता



***गाईघाट, साउन १७***

त्रियुगा नगरपालिकाका उदयपुरका नगर प्रहरीले आईतबार गाईघाट बजार क्षेत्रको सडकपेटीमा राखिएको ब्यापारीको सामान जफत गरेको छ ।

नगर प्रहरी सोभित बोटेको नेतृत्वले गाईघाट बजार



को जिके पुस्तक पसल अगाडीबाट सामान जफत गरी नगरपालिकामा सामान भेला गरेको छ ।

## मेयर.........

दिन्छ । सडकपेटीमा मिचिएको सामान उठाउन गाडी दिन्छ। तर त्रियुगा नगरपालिकाका कर्मचारी मेयर भने १२ - १२ जना नगर प्रहरीको लागि भने गाडी परको कुरा सामान उठाउने ट्याक्टर समेत दिदैन् । नगरपालिकाका कर्मचारीले नगर प्रहरीको समस्या नबुझ्दा अहिले बजारको सडकपेटी सफा हुन सकेको छैन । नगर प्रहरी इन्चार्ज सोबित बोटे भन्छन् सडक पेटीमा सामान हुन्छ उठाउन ट्याक्टर, टिफर छैन । हामी नगर प्रहरीले हातमा बोकेर नगरपालिका पुर्याउन सकिदैन ।
















# लिग विजेताले ७५ लाख पाउने

❖ बिबेक राई

*गाईघाट, साउन १७*

सहिद स्मारक ए डिभिजन लिग विजेताले ७५ लाख पाउने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) र ए डिभिजन क्लबहरुबीच आईतबार बसेको बैठकमा एन्फाले सो कुराको जानकारी गराएको हो । साथै ए डिभिजन लिगमा दोस्रो हुने टोलीले पचास लाख र तेस्रो हुनेले २५ लाख पाउनेछन् । त्यसबाहेक ए डिभिजनका १४ वटै क्लबले तयारी खर्च बापत २० लाख पाउने भएका छन्। सो बैठकमा एन्फाले अरु थुप्रै कुराको निर्णय तथा थप कुरामा एन्फा र क्लबहरुबीच सहमति भएको थियो ।

एन्फा र क्लबहरुबीचको सहमतिअनुसार ए डिभिजन लिग सिंगल राउण्ड आधारमा खेलाइने भएको छ ।जसअन्तर्गत सहभागि १४ क्लबले एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन । डबल राउण्ड अर्थात दोहोरो पद्धतिअनुसार खेलाएको भए हरेकले एकअर्कासँग दुईपटक प्रतिस्पर्धा गर्नुपथ्र्यो । जुन काठमाडौंमा रहेर वा आफ्नो घरेलु मैदान वा घरेलु जिल्लाको मैदानमा होम एण्ड अवेको आधारमा प्रतिस्पर्धा हुन सक्थ्यो। तर यसपालि कोरोनाको प्रभावलाई मध्यनजर गर्दैसिंगल राउण्डमा प्रतिस्पर्धा गर्नु दुवै पक्षबीच सहमति भएको हो ।

नत्र समयअनुसार लिगमा पहिलो राउण्डपछि शिर्ष आठ क्लबलाई सुपर एटमा लगेर विजेता छनौटका लागि प्रतिस्पर्धा गराउने र बाँकी छ क्लबलाई रेलिगेसनको लागि खेलाउने योजनामा एन्फा र क्लबहरुबीच सहमति भएको थियो । तर अब सिंगल राउण्डमै लिग सञ्चालन हुने भएको छ । आईतबारको बैठकमा एन्फा र क्लबहरुबीच लिगलाई नयाँ मितिमा खेलाउने विषयमा पनि सहमति भयो। यसअघि ए डिभिजन लिग असोज ३ गत्तेबाट सुरु हुने भनिएको थियो ।

तर बैठकमा भएको सहमतिपछि ए डिभिजन लिग झण्डै दुई महिनापछि धकेलिएको छ । अब ए डिभिजन लिग कात्तिक २९ गत्तेबाट सुरु हुने भएको छ। लिगमा अन्तिम स्थानमा हुने दुई क्लब रेलिगेसनमा पर्नेछन् अर्थात घटुवा भएर बी डिभिजनमा झर्नेछन् । लिगको लागि नयाँ मितिमा सहमति जुट्नुको मुख्य कारण भने आउँदो साफ च्याम्पियनसिप हो। बंलादेशले विभिन्न कारण देखाउँदै साफ गर्नु नसक्ने बताएपछि साफ आयोजनाको लागि माल्दिभ्स र नेपालले दाबेदारी दिएको छ ।

नेपालले साफ आयोजनाको लागि प्रस्ताव बनाएर पठाइसकेको छ। साफ कमिटि पनि नेपालप्रति इच्छुक छ। तर आयोजकको जिम्मा कसलाई दिने भन्ने अन्तिम निर्णय भने अर्को महिना हुने भएको छ । साफकै लागि भनेर नेपालले भारत, बंगलादेश र सिंगापुरसँग मैत्रीपूर्ण खेलको लागि प्रस्ताव पनि पठाएको छ। यता नेपाली फुटबलका मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले एन्फा वरिष्ठ उपाध्यक्ष पंकजविक्रम नेम्वाङ र दुई पत्रकारविरुद्ध दिएको निवेदनमा सुनुवाइ नभए आधिकारिक राजीनामा दिने बताएका छन् ।

आफूले चुरोट पिएको विषयलाई लिएर मिडियाको सहारामा बदनाम गराउन खोज्ने दुई पत्रकार र यो मामलालाई सहयोग पुऱ्याउने एन्फाकै केहि पदाधिकारी भन्दै उनले कारवाहीको लागि एन्फामा निवेदन दिएका थिए । यता उपाध्यक्ष नेम्वाङले आफूमाथि निराधार आरोप लगाएको र यस्तो गम्भीर आरोप लगाइसकेपछि छानबिन गरि दुईमध्ये एकलाई कारवाही हुनुपर्ने बताएका छन् । त्यसपछि गत शुक्रबार बसेको एन्फाले यो विषयमा टुंगो लाउन नसकेपछि अन्तिम निर्णयको लागि युवा तथा खेलकुद मन्त्रालयलाई जिम्मवेवारी दिने निर्णय गरेको थियो ।

आफूले नै निर्णय लिनुपर्नेमा एन्फाले विधानविपरित यो विषयलाई मन्त्रालयसम्म पुऱ्याएको भन्दै एन्फाको पनि पछि आलोचना भएको थियो । उता कनकाकाफ गोल्डकपको फाइनलमा मेक्सिको र आयोजक अमेरिका भिड्दैछन । त्यस्तै जापानमा भइरहेको ओलम्पिक महिला फुटबलको सेमिफाइनल खेलहरु पनि आज नै हुँदैछ । अष्ट्रेलिया र स्वीडेन फाइनल प्रवेशको लागि प्रतिस्पर्धा गर्दा अमेरिका र क्यानाडा पनि फाइनल प्रवेशको प्रतिस्पर्धा गर्दैछन् । क्यानाडाले क्वाटरफाइनलमा ब्राजिललाई स्तब्ध पार्दै यहाँसम्म आइपुगेको हो ।





त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२





## प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

## त्रियुगा नगरपालिका गाईघाट उदयपुर

### सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।
तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट